अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	कृष्ण प्रसाद यादव र मंजुदेवी यादव (मुद्दा नं. ०७९-CR-०१५१) फैसला मिति २०८१।०२।२२	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।	• राष्ट्रसेवक कर्मचारी प्रतिवादी कृष्ण प्रसाद यादवले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा उक्त कसूरमा बिगो रू.१,४२,५२,५५०।४१ (एक करोड बयालिस लाख बाउन्न हजार पाँच सय पचास रूपैयाँ एकचालिस पैसा) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा जरिवाना हुन साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको उक्त बिगो जफत हुन, • निज प्रतिवादी कृष्ण प्रसाद यादवले आफ्नी एकासगोलकी पत्नी प्रतिवादी मंजु देवी यादवको नाममा राखेको देखिएको हुँदा निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको ।	• आरोप दावी र प्रतिवादीको विचमा मुख नमिलेको **व्यय शिर्षकमा हेर्दाः-** आरोप पत्रमा यी प्रतिवादीले निर्माण गरेको घरको लागत मूल्यमा ठेक्का कर ओभरहेड खर्च समेत जोडी व्यय कायम गरेको देखिएको, अध्ययन खर्चमा बढी हिसाब जोडेको देखिएको तथा प्रतिवादीको आय शिर्षकमा हेर्दा आरोपदावीमा यी प्रतिवादीले नेपाल विद्युत प्राधिकरणबाट प्राप्त गरेको प्रोत्साहन समेतका भत्ता तथा चाडपर्व खर्च, ज्योति स्पिनिङ्ग मिलबाट प्राप्त गरेको तलब भत्ता, बैदेशिक भ्रमण भत्ता, कृषी आय, सावधिक जिवन विमा, विवाहमा प्राप्त टिकाटालो उपहार, ऋण सापटी, विप्रेषण आय, नागरिक लगानी कोष फिर्ता समेतबाट प्राप्त गरेको रकम समेतलाई आयमा समावेश गरेको नदेखिएको, दावी गरेको **आयको शिर्षकमा** श्रोत नखुलेकोले सम्पत्तिबाट वढेबढाएको आयलाई गणना नगरेको भन्ने देखिएको र युक्तीयुक्त आधार बिना जाँच अवधिलाई आत्मनिष्ठ तरिकाले २० वटा जाँच अवधि कायम गरिएको त्रुटिपूर्ण देखिएकोले समग्र आयको विवरणबाट नै श्रोत जाँच हुने न्यायिक अभ्यास रहेको हुँदा समग्र जाँच अवधिको जग्गा बिक्री, ऋण सापटी आय, कृषि आय, घर	१) **प्रतिवादीको आयको स्थितितर्फ हेर्दा**, आरोप पत्रमा प्रतिवादीको आय जम्मा रु. २,४२,६७,१०४।५६ मात्र बैध प्रतिवादीको आयको स्थिति तर्फ हेर्दा, आरोप पत्रमा प्रतिवादीको आय जम्मा रु. रू.१,७१,४६,०४४।४९ मात्र बैध देखिएकोमा विशेष अदालतबाट प्रतिवादीलाई सफाई दिई फैसला गर्दा आय तथा व्ययका निम्न शिर्षकहरूमा आयोगले दावी गरेको भन्दा फरक गरी घटबढ गरेको देखिएको र उक्त फैसला निम्न आधारमा त्रुटिपूर्ण देखिन्छ : • पारिश्रमिक आय शिर्षकमा आरोप दावीमा प्रतिवादी कृष्ण प्रसाद यादवको तलबी विवरण अनुसारको वार्षिक तलब आयमा कर्मचारी संचयकोषमा कट्टी भएको १० प्रतिशत र नागरिक लगानी कोषमा जम्मा गरेको रकम घटाई खुद भुक्तानी प्राप्त आयमा चाडबाड खर्च, नियमित भत्ता समेत संलग्न गरी हुने कुल रकम रू.९५,३३,६८७।८५ मा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी बाँकी ७० प्रतिशत रकमले हुने जम्मा रू.६६,७३,५८१।४९ लाई निजको पारिश्रमिक वचतमा गणना गरिएकोमा नेपाल विद्युत प्राधिकरणबाट फरक फरक ३ पटक प्राप्त भएको तलब भत्ताको विवरण, दशै भत्ता आय रकममा नजोडिएकोमा फैसलामा यस शिर्षकमा रु.८७,१८,१२८।-कायम गरिएको देखिन्छ। फैसलामा पारिश्रमिक वचत आयमा चाडपर्व भत्ता जोडिएको नदेखिएको भनि थप आय कायम गरिएको देखिन्छ । नेपाल सरकारले निजामती कर्मचारीको लागी वर्षको १ पटक निजले मानी आयको चाडपर्व मनाउने प्रयोजनको लागी चाडपर्व खर्च दिएको र उक्त रकम निजले मानिआएको चाडपर्व मनाउने प्रयोजनको लागि उक्त रकम उपलब्ध गराउदै आएको हुँदा उक्त रकम चाडपर्वमा खर्च भएर जाने भएको हुँदा उक्त रकमलाई आय कायम गर्न मिल्ने होईन । तसर्थ खर्च भई जाने चाडपर्व खर्चलाई प्रतिबादीको आय समावेश गरी बिशेष अदालतबाट भएको फैसला मिलेको देखिदैन। सम्मानित सर्वोच्च अदालतबाट समेत "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने" (नेपाल सरकार वि. जय प्रकाश प्रसाद गुप्ता ने.का.प. २०६८ निर्णय नं. ८७२२) भन्ने सिद्धान्त प्रतिपादन भएको छ, खुद खर्च भएर जाने आयलाई पनि बचत मानी प्रतिबादीको आय कायम हुने गरी गरेको बिशेष अदालतको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई अनदेखा गरी भएको देखिँदा त्रुटिपूर्ण छ । • प्रस्तुत फैसलामा "आयको गणना गर्दा जाँच अवधिलाई एउटै समयावधि मानी आयको जाँच गर्नुपर्ने" भनी आरोप दावीमा शेयर बिक्रीबाट प्राप्त रकम शिर्षकको आय जम्मा रू. ६३५,८७१।१५ प्राप्त गरेको देखिएतापनि खरिद गर्दा श्रोत पुगेको शेयर बिक्री बापत प्राप्त रु.३,६१,७९३।८८ रकमलाई निजको आयमा गणना गरिएकोमा फैसलाबाट सो शिर्षकमा ६३५,८७१।१५ कायम गरिएको, घरबहाल शिर्षकको आय श्रीमती मन्जु देबि यादबको नाममा दर्ता कायम रहेको वीरगञ्ज स्थित घरको बहाल उक्त घर जग्गा खरिद गर्दा लागेको लागतमा २८.९३% रकमको मात्र स्रोत पुगेको देखिएकोले प्राप्त जम्मा घर बहाल रू. ५७७३५५।५३ को २८.९३% ले हुन आउने बहाल आय रु.१,६७,०२८।९५ लाई निजको आयमा गणना गरिएकोमा फैसलामा सो शिर्षकमा रू. ५,७७,३५५।५३ कायम गरिएको, सवारी साधन बिक्री आय शिर्षकमा बा ७४ प ३६९६ नं को सवारी साधन रु.१,९०,१९३।-मा कर सहित खरिद गरकोमा उक्त रकमको ६५.४४% मात्र स्रोत पुगेको देखिएकाले सो सवारी साधन बिक्रीबाट प्राप्त आय रु.१,१०,०००।-को ६५.४४% अर्थात रु. ७१,९८४।-लाई मात्र आयमा रखिएकोमा फैसलामा रु.१,९०,१९३।- कायम गरिएको,

				वहाल आय, सवारी साधनको विक्री समेतलाई आयमा गणना नगरिएकोले उक्त शिर्षकमा मिसिल संलग्न आधार प्रमाणको विष्लेषण गर्दा यी प्रतिवादीहरुको जाँच अवधिको आय व्यय माथि उल्लेख भए वमोजिमका शिर्षकहरुमा गरिएको विवेचना बमोजिम जाँच अवधि भित्र प्रतिवादीको व्यय जम्मा रु. २,९६,५२,८१०।०५ रहेको देखिएको र जाँच अवधिभित्र प्रतिवादीको वैधानिक आय रु. ३,०५,१३,९८३।२१ रहेको देखिएकोले प्रतिवादीको आय अंक भन्दा व्यय अंक घटि नै रहेकोले प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसूर गरेको नदेखिएकोले प्रतिवादीहरुले **आरोप दाबीबाट सफाइ पाउने ठहर्छ।**	शेयरबाट प्राप्त नगद लाभांश शिर्षकमा श्रोत खुलेको हद सम्मको रु. ६,६८,७५०।९३ लाई मात्र आयमा रखिएकोमा फैसलामा रु.११,४०,००५।५५ कायम गरिएको, विभिन्न बैंकबाट प्राप्त ब्याज शिर्षकमा श्रोत खुलेको हद सम्मको रू. १६,८७,२१३।३४ निजको आम्दानी देखिएकोमा फैसलामा सो शिर्षकमा रू.२१,०५,४०६।६ कायम गरी विशेष अदालतबाट प्रतिवादीले श्रोत खुलाउन नसकेको अवैध आयबाट बढे बढाएको अवैध आयलाई समेत प्रतिवादीको वैधानिक आयमा गणना गरी सफाई दिने आधार उल्लेख गरेको देखिन्छ। आरोपपत्रमा प्रतिबादीले खरिद गरेको शेयर, सवारी साधन, बैङ्कमा राखेको रकम, घर जग्गाहरूको शुरू खरिद लगानी गर्दा जो जति मात्रमा स्रोत पुगेको हो सो हदसम्मको आयमा निजको आय कायम गरिएको छ ।प्रतिवादीले अवैध रुपमा आर्जन गरेको भनि आरोप दावीमा उल्लेखित सम्पति प्रतिवादी तथा निजको परिवारको नाम तथा भोगचलन स्वमित्वमा रहेको पुष्टि भएकोमा उक्त सम्पत्ति निजले बैध तवरबाट आर्जन गरेको हो भनि निजले नै पुष्टि गर्नु पर्दछ । उक्त श्रोत नखुलेको सम्पत्तिको वैधानिक श्रोत यी प्रतिवादीले पुष्टि गर्न नसकेको हुँदा त्यस्तो आयलाई बैध आयमा गणना गर्न मिल्दैन । सम्मानित सर्वोच्च अदालतबाट " जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने (नेपाल सरकार वि खुमबहादुर खड्का ने.का.प २०६९ नि.नं. ८८३२) भनी प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकुल हुने गरी गरिएको फैसला त्रुटिपूर्ण रहेको छ । • प्रतिवादीले आफ्नो विवाहमा टिकाटालो, उपहार वापत प्राप्त भनि रु. ५,००,०००।- आम्दानी प्राप्त गरेको भनी आय दावी लिएकोमा फैसलमा निजको सो आय जम्मा रु.३,००,०००।- गणना हुने देखियो भनी कुनै आधार प्रमाण वेगर अनुमानका आधारमा आय कायम गरिएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ । २) **<u>प्रतिबादीको समग्र व्यय शिर्षक</u>**-: • यी प्रतिवादीहरुको नाममा रहेको बारा कलैया उ म न पा वडा नं ६ को कि नं ५८९, जिल्ला पर्सा विरगंज म न पा वडा नं १५ स्थित कि नं ३५९, काठमाडौं जिल्ला बुढानिलकण्ठ न पा वडा नं १० स्थित कि नं १४० को जग्गामा घर निर्माण लागत तर्फको व्ययमा रू. ६८,४०,६२०।४५ खर्च गरेको देखिएकोमा फैसलामा उक्त घर निजले नै बनाएको देखिएकोले ठेक्का कर ५ प्रतिशत् र ओभरहेड कस्ट १५ प्रतिशत् गरी २० प्रतिशत् कटौती गरी उक्त घर निर्माणमा मूल्य जम्मा रु. ५४,७२,४९६। खर्च भएको देखियो भनि प्रतिवादीको व्ययमा गणना गरिएको देखिन्छ । जबकी प्रतिबादी आफैले बनाएको घरमा उक्त २० प्रतिशत ओभरहेड र ठेक्का कर कट्टा गर्नु पर्ने हाम्रो अदालती अभ्यास हो । प्रस्तुत मुद्दामा प्रतिबादीले उक्त घरहरु आफैले बनाएको पुष्टि भएकोमा उक्त कर कट्टी हुनु पर्ने भन्ने कुनै जिकिर आधार नरहेकोमा अदालतले अनुमानको आधारमा प्रतिवादीको उक्त घरहरु निर्माणको व्ययलाई कम गणना गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । • यी प्रतिवादी कृष्ण प्रसाद यादबको छोरा राज यादब, छोरी कृति यादब र छोरी माभीं यादबलाई बिभिन्न शैक्षिक संस्थाहरुमा बिभिन्न तहमा अध्ययन गराउँदा जम्मा रू.२७,९२,१२९।५० खर्च भएको मिसिल संलग्न शैक्षिक संस्थाबाट प्राप्त वील भरपाईबाट पुष्टि भएकोमा प्रतिवादीको परिवारको शैक्षिक खर्च रु.२४,१४,४६९।१ मात्र देखिन आएको भनि अध्ययन खर्च शिर्षकमा रु.३,७७,६६०।४ कम कायम गर्ने गरी भएको फैसला उक्त मिसिल संलग्न प्रमाण मुल्याँकनको रोहमा त्रुटिपूर्ण छ । • अतः अतः माथि बिबेचित प्रतिबादीको तलव भत्ता, घर जग्गा खरिद, घर निर्माण लागत, बैंकको तथा वित्तिय संस्थाको ऋण तथा साँवा ब्याज भुक्तानी, शेयर खरिद विक्री तथा लाभांस, अंशवण्डा, सवारी साधन खरिद, शैक्षिक खर्च लगानी, बैंक मौज्दात समेतबाट प्रतिबादीको सेवा अवधिमा निजको वैध आय

					रू.१,७१,४६,०४४।४९ देखिएको र निजको सो अवधीमा व्यय रू.३,१३,९८,५९४।९० देखिई निजले सार्वजनिक पदको दुरुपयोग गरी रू.१,४२,५२,५५०।४१ गैरकानूनी सम्पत्ति आर्जन गरेको पुष्टि हुँदा हुँदै मिशिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको व्यय भन्दा कम व्यय कायम गरी भएको फैसला त्रुटिपूर्ण भएकोले प्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।